# मानमिन समाचार

अंक १८  अगस्ट ३०, २०१४

# परमेश्वरको प्रेम पृथ्वीको पल्लो छेउ, इस्राएलसम्म पुगेको छ !




"हामी मसीही यहूदीहरू जागृत र प्रेरित भएका छौं, र सक्रिय रूपमा सेवकाइ गरिरहेका छौं । यो सबै डा. जेरक लीको उदार सहयोग र प्रेमको कारण सम्भव भएको हो । आफूले चुनेको जाति, इस्राएलीहरूका लागि परमेश्वरले डा. लीलाई पठाउनुभएको हो भनी हामी हृदयमा विश्वास गर्दछौं," भनी रिसोन लेट्सियोनमा रहेको क्राउन अफ जुवेल्स चर्चमा सेवकाइ गर्नँहुने यहूदी पास्टर श्लोमी अब्रामोभले भन्नुभयो ।

### अपरिवर्ती इस्राएली सेवकाइको फल, क्रिष्टल फोरम

सन् १९८२ मा चर्च स्थापना भएदेखि नै, सिनिएर पास्टर डा. जेरक ली ले इस्राएली सेवकाइको लागि प्रार्थना गर्दै आइरहनु भएको छ र सन् २००७ जुलाईमा उहाँ सुसमाचारदेखि टाढा रहेको इस्राएल राज्यमा जानु भएर त्यहाँ सेवकाइ शुरू गर्नु भयो ।

सन् २००९ सेप्टेम्बरमा, उहाँले क्रिष्टल फोरम (इस्राएली पास्टरहरूको संगठन) द्वारा यरूशलेममा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा, आयोजित संयुक्त क्रूसेडलाई अगुवाइ गर्नँ भयो र केवल येशू मात्र मुक्तिदाता हुनुहुन्छ भनी साहसपूर्वक घोषणा गर्नँभयो ।

त्यसपछि उहाँले बिरामीहरूका लागि प्रार्थना गरिदिनुभयो, जहाँ धेरै जनाले रोगहरूबाट चङ्गाइ पाउनु भएर आफ्नो चङ्गाइको गवाही दिनुभयो । यो कार्यक्रम टी.बि.एन रसिया, इनलासे, सि.एन.एल, र डिजिटल कङगो सहित ३३ वटा टीवी स्टेशनहरू मार्फत् वरिपरिका २२० वटा देशहरूमा प्रसारित भएको थियो ।

इस्राएलका अधिकांश मानिसहरूले यहूदी धर्मको अनुसरण गर्दछन् जसअन्तर्गत तिनीहरूले एकेश्वरवादमा आधारित रहेर परमप्रभु परमेश्वरको सेवा गर्दछन् । अल्पसंख्यक मसीही यहूदीहरू समाजबाट बहिष्कृत र तिरस्कृत छन् । तथापि, इस्राएलको क्रूसेडपछि, उहाँहरू सबल तुल्याइनु भएको छ र अहिले क्रिष्टल फोरमको मार्गनिर्देशनमा उहाँहरू विभिन्न प्रकारका सेवकाइहरूमा सक्रिय हुनुहुन्छ । इस्राएली पास्टरहरूको संगठन, क्रिष्टल फोरम डा. लीको अनवरत इस्राएल सेवकाइद्वारा फलेको फल हो ।

### क्रिष्टल फोरमले विभिन्न प्रकारका सेवकाइहरू गर्दै आइरहेको छ

"इस्राएल आश्चर्यजनक चंगाई महोत्सव २००९ ले, हामी पनि निर्धक्क भई इस्राएलमा पवित्रताको सुसमाचार प्रचार गर्न सक्छौं भनी हामीलाई विश्वस्त तुल्यायो । त्यसबेलादेखि हामीले आश्चर्यजनक चंगाई सभाहरू, संगीत महोत्सवहरू, बालबालिकाहरूका लागि शिविरहरू, पास्टरीय सेमिनारहरू, विवाहित जोडीहरूका लागि सेमिनारहरू, र प्रार्थना सभाहरू जस्ता विभिन्न प्रकारका कार्यक्रमहरू संचालन गरिरहेका छौं", भनी क्रिष्टल फोरमका महाप्रबन्धक पास्टर ओलेग हेजिनले भन्नुभयो ।

हाइफाको किंग अफ ग्लोरी चर्चमा सेवकाइ गरिरहनुभएको पास्टर दानिएल मतियासले, इस्राएली चर्चहरूको नवीकरण बारे खुशीसाथ यसो भन्नुभयो, "विगतका केही वर्षहरूदेखि क्रिष्टल फोरमका चर्चहरू दुवै आत्मिकी र संख्यात्मक रूपमा वृद्धि भइरहेका छन् । हरेक वर्ष धेरै मानिसहरू ख्रीष्टको शरीरमा थपिँदैछन् । डा. लीले प्रार्थना गरिदिनु भएअनुरूप हामी अमेरिका, जर्मनी, एस्तोनिया, लाट्भिया, लिथुवेनिया, युक्रेन, रसिया, काजकस्तान र एशियाका धेरै देशहरूमा चंगाई सभा वा सेमिनारहरू आयोजना गरी विश्व सेवकाइमा सहभागी भइरहेका छौं ।"

### इसाईहरूको प्रतिष्ठा वृद्धि भएको छ र पास्टरहरू एकताबद्ध हुनुभएको छ

मानमिन केन्द्रीय चर्चको पास्टर संघका अध्यक्ष रेभ. सुजिन लीको साथमा क्रिष्टल फोरमले हरेक वर्ष सम्मेलन र क्रिष्टल संगीत महोत्सवको आयोजना गर्दछ । महोत्सवमा मानिसहरू निर्धक्क भई सार्वजनिक रूपमा प्रभुको प्रशंसा गर्नँहुन्छ, र मानमिन कला प्रस्तुति समितिका प्रस्तुतिकर्ताहरूले उच्चस्तरीय इसाई संस्कृतिहरू प्रस्तुत गर्नँहुन्छ । सन् २०१४ साल मे महिनामा हाइफाको आइसीसीमा आयोजित यस महोत्सवमा इस्राएल, रसिया, युक्रेन, फिलिपिन्स, फिनल्याण्ड, र हङकङबाट आउनुभएका करिब १,००० मानिसहरूको उपस्थिति रहेको थियो । यो कार्यक्रम टीबिएन रसियाद्वारा वरिपरिका १८० देशहरूमा प्रसारण गरिएको थियो ।

पास्टर दिमित्री पेत्रोभ्स्कीले भन्नुभयो, "मसीही यहूदीहरू यस्तो ठाउँमा भेला भएर प्रभुको प्रशंसा गर्नँ उल्लेखनीय कुरो हो, यस्तो ठूलो कार्यक्रम यहाँ आयोजना हुनु आफैंमा एक अद्भुत घटना हो । यसले इस्राएलमा इसाईहरूको प्रतिष्ठालाई वृद्धि गरिदिएको छ र हाम्रा पास्टरहरूलाई एकताबद्ध हुन मद्दत गरेको छ ।"

### इस्राएली पास्टरहरू आफ्नो आत्मिक वृद्धिको लागि हरेक वर्ष मानमिन केन्द्रीय चर्चमा आउनु हुन्छ

इस्राएली पास्टरहरू र विश्वासीहरूले जीसिएन (www.gcntv.org), टीबिएन रसिया, होली गड् टीभी, र रोड्नोइ टीभी जस्ता टेलिभिजन प्रसारण; र इन्टरनेटमार्फत् उपलब्ध हुने प्रवचनहरूका साथै डा. लीका पुस्तकहरूद्वारा आफ्नो विश्वासलाई बढाउनु भएको छ । चर्चको आत्मिक बहावमा सहभागी हुनका लागि उहाँहरूमध्ये कतिपयले समर रिट्रिट र अगुवाहरूको सम्मेलन जस्ता चर्च कार्यक्रमहरूमा भाग लिने गर्नुहुन्छ ।

यरूशलेममा अवस्थित किंग आफ ग्लोरी चर्चमा सेवकाइ गरिरहनु भएको पास्टर ओरेन लेभ एरी, सन् २०१४ सालको अगुवाहरूको सम्मेलनमा सहभागी हुनुभयो, जसको शीर्षक हिब्रू १०:२२ मा आधारित 'सम्पूर्ण आत्मा' रहेको थियो । उहाँले भन्नुभयो, "कोरियाको सेमिनारमा सुनेको सन्देशलाई ध्यानमा राखी म परमेश्वरको इच्छाअनुसार जिउन कोशिश गर्दैछु । चाँडै पापहरू त्यागेर एक शक्तिशाली पास्टर बन्नका लागि डा. लीले मेरो निम्ति प्रार्थना गरिदिनुभएको दृश्यलाई सम्झँदा म प्राय सँधै धन्यवादिताका आँसुहरू बगाउँदछु ।"

इस्राएलप्रतिको परमेश्वरको प्रेमले सबै राष्ट्रका मानिसहरूप्रतिको उहाँको प्रेमलाई दर्शाउँदछ । हामी सम्पूर्ण महिमा परमेश्वरलाई दिऔं जसले मानमिनको इस्राएली सेवकाइद्वारा अझ प्रशस्त फलहरू फल्न दिनुहुनेछ ।

## क्रूसको सन्देश शृंखला – (१८)

# क्रूसमा येशूका अन्तिम सात वाणीहरू (२)



डा. जेरक ली

"जब येशूले आफ्नी आमालाई, र उहाँले प्रेम गर्नुभएका चेला नजीकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, 'नारी, हेर्नुहोस् तपाईंको छोरो !' तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, 'हेर, तिम्री आमा !' त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे" (यूहन्ना १९:२६-२७)।

मृत्युको समय नजीक हुँदा, धेरैजसो मानिसहरूले आफ्नो जीवनलाई फर्किएर हेर्छन् र आफ्ना परिवार अनि साथीहरूका निम्ति इच्छापत्र छोडी राख्छन्। मानवजातिको मुक्तिदाता बनेर यस संसारमा आउनुभएको येशूले क्रूसमा आफ्नो प्राण त्याग्न अघि केही कुराहरू बोल्नुभयो र तिनलाई "क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू" भनिन्छ।

परमेश्वरको पुत्रको रूपमा, मुक्तिको प्रबन्ध पूरा गरिदिनुहुने हाम्रो प्रभुको हृदयको गहिराइलाई हामीले स्पष्टसित बुझेपछि, हामी परमेश्वरको साँचो सन्तान बन्न सक्नेछौं। मानमिन समाचारको अघिल्लो संस्करणलाई निरन्तरता दिँदै, आज हामी येशूले क्रूसमा बलिदान हुनु अघि बोल्नुभएको तेस्रो वाणीलाई हामी हेरौं।

### १. "नारी, हेर्नुहोस् तपाईंको छोरो !"

यूहन्ना १९:२६ ले भन्दछ, "जब येशूले आफ्नी आमालाई, र उहाँले प्रेम गर्नुभएका चेला नजीकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, 'नारी, हेर्नुहोस् तपाईंको छोरो !'" यहाँ "तपाईंको छोरो" ले येशूले प्रेम गर्नुहुने चेला-यूहन्नालाई जनाउँदछ। यूहन्नालाई आफ्नै छोराको रूपमा लिनका लागि येशूले कन्या मरियमलाई आग्रह गर्नुभयो छ।

त्यसोभए, किन येशूले, "नारी, हेर्नुहोस् तपाईंको छोरो !" भनी भन्नुभयो त ? यहाँ येशूले कन्या मरियमलाई "नारी" भनी बोलाउनु भएको कुरा विचारणीय छ।

येशूले कन्या मरियमलाई आफ्नो "आमा" भनी सम्बोधन गर्नुभएको कुनै पनि घटना बाइबलमा उल्लेख गरिएको छैन। "यूहन्नाको पुस्तकमा" उल्लेखित "आमा" भन्ने शब्द स्वयम् येशूको नभई लेखक यूहन्नाको दृष्टिकोणबाट प्रयोग गरिएको थियो।

यूहन्ना अध्याय २ मा एउटा दृश्य छ जसमा येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो र त्यसपछि उहाँले कन्या मरियमलाई "नारी" भनेर सम्बोधन गर्नुभयो। किनभने कन्या मरियम कहिल्यै पनि येशूको आमा हुन सक्नुहुन्न। कसरी कन्या मरियम त्रिएक परमेश्वरमध्येको पुत्र परमेश्वर र परमेश्वर समान (फिलिप्पी २:६) हुनुहुने येशूको आमा हुन सक्नुहुन्छ त ?

परमेश्वर अनन्तदेखि अनन्तसम्म हुनुहुन्छ, र उहाँ "म हुँ जो म हुँ" हुनुहुन्छ (प्रस्थान ३:१४) ; उहाँलाई कसैले पनि जन्माएको वा बनाएको होइन। तसर्थ, "परमेश्वरको स्वरूपमा" हुनुभएको येशूले कन्या मरियम, जो केवल एक प्राणी मात्र हुनुहुन्थ्यो, उहाँलाई "आमा" भनी बोलाउनु भएन।

यसबाहेक, कन्या मरियम शारीरिक दृष्टिकोणबाट पनि येशूको आमा हुन सक्नुहुन्नथ्यो। साधारणतया मानिसहरू शुक्रकिट र अण्डाशयको संयोजनद्वारा गर्भधारण हुन्छन् तर येशू पवित्र आत्माद्वारा गर्भधारण हुनुभएको थियो।

यदि कुनै बच्चा कृत्रिम गर्भाधानमार्फत् जन्मिएको छ भने, के त्यस बच्चालाई जन्माउने स्त्री उसकी "आमा" हुन सक्छिन् त ? यदि कुनै बच्चाले इनक्यूबेटरमा केही समय बिताएको छ भने, के उसले त्यो इनक्यूबेटरलाई आफ्नी "आमा" भनी भन्न मिल्छ ? यसै गरी, जन्मनुअघि केही समय कन्या मरियमको गर्भमा बस्दै मा येशूले उहाँलाई आफ्नी "आमा" भनी बोलाउनु भएन।

मानिसहरूले कन्या मरियमलाई येशूकी आमा भनी सोचेर उहाँको मूर्ति बनाई पुज्दा परमेश्वर खुशी हुनु हुनेछैन। परमेश्वरले प्रस्थान २०:३-४ मा, "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू," भनी भन्नुभएझैं, हामीले कुनै पनि जीवको मूर्ति कहिल्यै पनि बनाउनुहुँदैन, अनि त्यसको सेवा वा पूजा गर्नु हुँदैन।

"नारी, हेर्नुहोस् तपाईंको छोरो !" भन्ने येशूको अर्को वाणीचाहिँ कन्या मरियमलाई सान्त्वना दिनको लागि थियो। आफ्नो प्रिय येशूले अवर्णनीय कष्ट सहनुभएको देख्दा, कन्या मरियमले पनि हृदयविदारक पीडा र दुःख महसुस गर्नु भएको थियो। सधैं विनीत रहनुहुने येशूले आफ्नो जीवनको अन्तिम क्षणमा समेत कन्या मरियमलाई सम्झनु भयो र आफ्नो चेला यूहन्नालाई उहाँको छोराको रूपमा ग्रहण गर्नका लागि भन्नुभयो।

### २. "हेर, तिम्री आमा !"

यूहन्ना १९:२७ ले भन्दछ, "तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, 'हेर, तिम्री आमा !' त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।" कन्या मरियमलाई सान्त्वना दिनुभएपछि, येशूले आफ्नो चेला यूहन्नालाई, "हेर, तिम्री आमा!" भनी भन्नुभयो। त्यस घडीबाट यूहन्नाले कन्या मरियमलाई आफ्नो घरमा लग्नु भएर आफ्नै आमाझैं गरी उहाँको सेवा गर्नु भयो भनी बाइबलले हामीलाई बताउँदछ।

कन्या हुँदा येशूलाई जन्म दिनु भएपछि, मरियमले आफ्नो पति योसेफको साथमा अरू छोराछोरीहरूलाई जन्म दिनु भयो। तैपनि, येशूले मरियम र योसेफका छोराछोरीहरूलाई उहाँको देखरेख गर्ने जिम्मा दिनु भएन तर यस कामको जिम्मा उहाँले आफ्नो चेला यूहन्नालाई सुम्पिदिनुभयो। यसबाट के बुझिन्छ त ?

"तर हाम्रो नागरिकता स्वर्गमा छ, त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं" भनी फिलिप्पी ३:२० मा उल्लेख गरिएझैं, मुक्ति पाएका परमेश्वरका सन्तानहरू स्वर्गका नागरिकहरू हुन्छन्। परमेश्वरका सबै छोराछोरीहरू, जसले प्रभुलाई ग्रहण गर्नुभएको छ र जसको नाम जीवनको पुस्तकमा लेखिएको छ, उहाँहरू परमेश्वरलाई आफ्नो पिताको रूपमा सेवा गर्ने एउटै आत्मिक परिवार बन्नुहुन्छ।

त्यसोभए परमेश्वर किन र कसरी, हाम्रो आत्मिक पिता बन्नु भएको छ त ?

परमेश्वर जीवनको स्रोत हुनुहुन्छ। हामी प्रत्येक हाम्रा शारीरिक आमाबाबुबाट जन्मिएको भएतापनि, हाम्रा आमाबाबुको शुक्रकिट र डिम्ब परमेश्वरबाट नै दिइएको हो। हामीले हाम्रो वंशावलीलाई खोतल्दै जाने हो भने, सबै मानव जातिको पुर्खा आदम पनि परमेश्वरबाट नै आउनु भएको हो भनी हामी थाहा पाउन सक्छौं। परमेश्वर स्वयम्ले आदमको शरीरलाई बनाउनुभयो र उहाँको नाकमा जीवनको सास फुकिदिनुभयो, र त्यसैले, हाम्रो जीवन परमेश्वरबाट आएको हो।

पुरुष र स्त्रीले विवाह गरेतापनि, परमेश्वरको अनुमति विना तिनीहरूले गर्भधारण गर्न सक्दैनन्, किनभने गर्भधारण भएको बच्चालाई आत्मा दिने अख्तियार पनि परमेश्वरमा नै निहित छ। विज्ञान र प्रविधि अभूतपूर्व तवरले विकसित भएको समयमा, मानव क्लोनिङ्गबारे विवादहरू भइरहेतापनि कुनै पनि मानिसले आफ्नै आत्मालाई सृष्टि गर्न सक्दैन। मानिसहरूले शरीरलाई बनाउन सकेतापनि त्यो शरीरमा आत्माको कमी हुनेछ, र त्यो व्यक्ति पशुभन्दा फरक हुनेछैन र उसलाई मानिस भन्न सकिँदैन।

थपअझ, गर्भधारण भएको सन्तानको लिङ्ग, गुण, बाहिरी स्वरूप, र अन्य विशेषताहरू पनि बाबुआमाको नियन्त्रणभन्दा बाहिर हुन्छन्। यो अकाट्य तथ्य हो कि स्वयम् परमेश्वरले मात्रै मानवजातिको जीवनलाई नियन्त्रण गर्नुहुन्छ।

मानमिन केन्द्रीय चर्चमा यस्ता थुप्रै उदाहरणहरू छन् जसमा बच्चा गर्भधारण गर्न असमर्थ विवाहित जोडीहरूले गर्भधारणको आशिष् पाउनुभएको छ। विवाह भएको ३, ५, ७ र अझ १० वर्ष भएका जोडीहरूले मानव सोचाइले भ्याएसम्मका सबै उपायहरू प्रयोग गर्नुभएतापनि असफल हुनुभएको थियो। आफ्नो हृदयको इच्छा प्राप्त गर्नका लागि अपनाइएका मानवीय तरिकाहरू व्यर्थ भएतापनि, परमेश्वरको शक्तिप्रतिको उहाँहरूको विश्वासले गर्दा उहाँहरूले गर्भधारणको आशिष् प्राप्त गर्नुभयो।

केवल परमेश्वरले मात्र मानिसलाई आत्मा दिनुहुन्छ र उहाँले मात्र मानवजातिको जीवन, मृत्यु, श्राप, र आशिष्लाई नियन्त्रण गर्नुहुन्छ, र यस्तो परमेश्वर हाम्रो आत्मिक पिता हुनुहुन्छ। यदि मानिसहरूले उहाँमाथि विश्वास नगरी सांसारिक तवरले जीवन जिउँछन् भने, तिनीहरूले परमेश्वरलाई "पिता !" भनी पुकार्न सक्दैनन्।

किनभने येशूले हामीलाई यूहन्ना ८:४४ मा भन्नुभएको छ, "तिमीहरू आफ्ना पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूका सङ्कल्प छ। त्यो त शुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने, त्यसमा केही सत्य छैन। जब त्यसले झूटा बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूट हो र झूटको पिता हो।"

त्यसकारण यस संसारमा मानिसहरूसित हाम्रो रगतको नाता भएतापनि यदि तिनीहरूले प्रभुलाई विश्वास गरेका छैनन् भने अनन्त स्वर्गमा हामी तिनीहरूसित वास गर्न सक्दैनौं। येशूले पनि यस विषयमा मत्ती १२:५० मा यसो भनी हामीलाई स्मरण गराउनुभएको छ, "किनभने जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ, त्यही नै मेरो भाइ, र मेरी बहिनी र मेरी आमा हुन्" र यसरी साँचो परिवार अर्थात् आत्मिक परिवार कस्तो हुन्छ भनी उहाँले हामीलाई सिकाउनु भएको छ।

हामीले हाम्रा शारीरिक परिवारलाई प्रेम र सेवा गर्नु पर्दछ तर योचाहिँ परमेश्वरको दृष्टिमा उचित रहेको आत्मिक प्रेम हुनुपर्दछ। परमेश्वरको निन्दा गर्ने र उहाँको इच्छा विरुद्ध हिँड्ने परिवारको अधीनमा आफूलाई समर्पण गरेर प्रेम गर्नु साँचो प्रेम होइन।

उदाहरणको लागि, कसैको शारीरिक आमाबाबु र भाइ बहिनीले "चर्च नजाऊ" वा "यो अपराध गर्न मलाई साथ देऊ" भनी भन्दा यदि तपाईं ती कुराहरू मान्नु हुन्छ भने तपाईंले वास्तवमा तिनीहरूलाई प्रेममा होइन तर मृत्युतिर डोऱ्याइरहनु भएको हुन्छ। तसर्थ, हामीले हाम्रा शारीरिक आमाबाबु र दाजुभाइ दिदीबहिनीलाई प्रेम र सेवा गर्नु पर्दछ तर त्यसो गर्दा हामीले सत्यको सीमा भित्र रहेर गर्नु पर्दछ।

थपअझ, यदि हामी हाम्रो शारीरिक परिवारका सदस्यहरूलाई प्रेम गर्छौं भनी भन्दछौं भने, तिनीहरूलाई सुसमाचार सुनाउनु र स्वर्गमा डोऱ्याउनु हाम्रो मुख्य प्राथमिकता हुनुपर्दछ। यसरी हामी हरेकले आत्मिक परिवार बनाएर, आफ्नो परिवारसित रहन सक्छौं।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, येशूले क्रूसमा मर्नुभन्दा अगाडि बोल्नु भएको तेस्रो वाणीमा विलाप गरिरहनु भएको मरियमलाई सान्त्वना दिने येशूको प्रेम थियो। उहाँमा रहनुभएका सबै दाजुभाइहरू र दिदीबहिनीहरू हाम्रो साँचो परिवार हुनुहुन्छ भनेर पनि प्रभुले हामीलाई भन्दै हुनुहुन्छ। तपाईंहरू सबैले हाम्रो प्रभुको हृदयलाई अझ बढी स्पष्टसित बुझ्न सक्नु भएको होस्, परमेश्वरलाई अधिक प्रेम गर्नुभएको होस्, र प्रभुमा एक अर्कासित आत्मिक प्रेम बाँड्चुड् गर्नु भएको होस् भनी हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !

## "म हारादा सिन्ड्रोम (विशेष गरी आँखामा संक्रमण ल्याउने र छाला अनि कानलाई समेत असर गर्ने रोग) बाट निको भएँ !"




डिकनिस योङ्मी यूको बायाँ आँखाको दृष्टि अचानक धमिलो भयो र दृष्टिशक्तिमा तीव्र ह्रास आउनथाल्यो । उहाँले सीधा रेखालाई पनि लहरदार देख्नुहुन्थ्यो र वरिपरिका कुराहरूलाई उहाँ दांतेदार र पहेंलो देख्नुहुन्थ्यो । कहिलेकाहीँ उहाँको दृष्टि अति नै खराब हुन्थ्यो । उहाँलाई वाकवाकी लाग्थ्यो र उहाँले बान्ता समेत गर्नुहुन्थ्यो । अन्तमा उहाँ अस्पताल जानु भयो, र यो हारादा सिन्ड्रोम हो भनी पत्ता लाग्यो ।

उहाँको चिकित्सकले उहाँको आँखामा पिड्काहरू (भित्र तरल पदार्थ भएको फोका) छन् र उपचारपछि पनि उहाँले सामान्य दृष्टि पुनः प्राप्त गर्न सक्नु हुनेछैन भनी भन्नुभयो । थपअझ, ती पिड्काहरू बढेको खण्डमा आँखा र मस्तिष्कसँग सम्बन्ध राख्ने नसाहरू ढाकिनेछन् र उहाँ अन्धो हुनसक्नुहुनेछ भनी ती चिकित्सकले भन्नुभयो । तर डा. जेरक लीको प्रार्थनाद्वारा उहाँले चंगाई पाउनुभयो ! उहाँका आँखाहरूले राम्रोसित देख्न थाले र उहाँले अक्षर अनि रंगहरू ठीकसित छुट्याउन सक्नु भयो ।

• प्रार्थना अघि

• प्रार्थना पछि






▲ प्रार्थना गरेपछिः दुवै आँखामा भएका पिड्काहरू हराएर गए, उहाँको आँखाको दृष्टि ०.८/०.२५ देखि सुधार भएर १.०/१.० सम्म पुग्यो र रेटिनाको रोग पनि हराएर गयो ।

## "अब म एटोपिक डर्मटाइटिस (छालाको रोग जसमा शरीरका विभिन्न भागहरूको छाला रातो भएर सुन्निने, चिलाउने, र पीप बग्ने गर्दछ) बाट पीडित छैन !"




बहिनी सुबिन किम चार वर्षको उमेरदेखि नै एटोपिक डर्मटाइटिसबाट पीडित हुनुहुन्थ्यो । उच्च मा.वि. तहमा अध्ययन गर्दा, कसैले पनि उहाँको सुन्निएको र पीप जमेको अनुहार नदेखून् भनी उहाँ मास्क लगाउनुहुन्थ्यो । उहाँको कलेजका वर्षहरूमा यो अवस्था झन् बिग्रदैँ गयो । उहाँले आफ्नो विगतको इसाई जीवनलाई फर्केर हेर्नु भयो, सांसारिक कुराहरूबाट आफूलाई अलग राख्नुभयो, पूर्ण रूपमा पश्चात्ताप गर्नुभयो, र डा. लीको प्रार्थना ग्रहण गर्नुभयो । त्यसपछि उहाँ पूरै निको हुनुभयो ।




## "म मल्टिपल स्कलेरोसिस (मस्तिष्क र मेरुदण्डका स्नायु कोशहरूमा क्षति पुग्दा देखिने रोग जसले स्नायु प्रणालीमा असर गरी विभिन्न प्रकारका शारीरिक र मानसिक समस्याहरू निम्त्याउँदछ) बाट निको भएँ !"



एडवर गुरेरो आँखामा भएको समस्या र सुन्ने क्षमतामा भएको कठिनाइका कारण राम्रोसित हिंड्न वा आफ्नो सन्तुलन कायम गर्न सक्नुहुन्नथ्यो । उहाँलाई निको नहुने रोग - मल्टिपल स्कलेरोसिस भएको पत्ता लाग्यो । उहाँलाई जीवन भरि औषधी प्रयोग गर्नु पर्छ भनिएको थियो । तर उहाँ सन् २००४ पेरु चंगाई क्रूसेडमा सहभागी हुनुभयो र डा. लीको प्रार्थना ग्रहण गर्नुभयो । त्यसपछि उहाँ आफूलाई सन्तुलित राख्न सक्ने र हिंड्न सक्ने हुनु भयो, र उहाँको दृष्टि शक्ति र श्रवण शक्तिमा पनि सुधार आयो । उहाँको एमआरआई रिपोर्टले उहाँको मस्तिष्कमा कुनै पनि संक्रमण नरहेको देखाएको छ ।



▲ प्रार्थना ग्रहण गर्नु भन्दा एक वर्ष अघिको एमआरआई स्पष्टसित देखिएको संक्रमण



▲ प्रार्थना ग्रहण गरेपछिको एमआरआई संक्रमण नभएको अवस्था


## "विवाहको दश वर्ष पश्चात्, हामीले छोरो जन्मायौं !"

डिम्बवाहिनी नलीमा भएको अवरोधको कारण पास्टर आसिफ नजीरकी पत्नीले गर्भधारण गर्न सक्नु भएको थिएन । गर्भधारण हुन सकोस् भनेर उहाँहरूले डा. लीबाट प्रार्थना ग्रहण गर्नका लागि दक्षिण कोरिया जान प्रयास गर्नुभयो तर भिसा प्राप्त गर्न सक्नु भएन । त्यसैले उहाँहरूले आफ्नो फोटो डा. लीकाहाँ पठाउनुभयो र समय अनि दूरीलाई माथ गर्ने उहाँको प्रार्थना ग्रहण गर्नुभयो । त्यसपछि, विवाहको दश वर्ष पश्चात्, उहाँ गर्भवती हुनुभयो अनि एउटा छोरो जन्माउनुभयो !



## "छारे रोगको कारण म बेहोश भएको थिएँ, तर प्रार्थना ग्रहण गरेपछि म होशमा आएँ !"

योएल रामोशलाई कार्डियाक एराइथ्मिया भएको थियो जसमा हृदयको विद्युतीय गतिविधि अनियमित हुने गर्दछ, र सानो उमेरदेखि नै उहाँलाई छारे रोग पनि लागेको थियो । उहाँ सन् २००१ मा आयोजित फिलिपिन्स जागृति चंगाई महोत्सवमा हुनुहुँदा अकस्मात् बेहोश हुनुभयो र उहाँको शरीर मरेको मानिसको जस्तै कडा भयो । तर डा. लीको प्रार्थना ग्रहण गरेपछि उहाँले फेरि जीवन प्राप्त गर्नुभयो र हिंड्न सक्नुभयो ।







## "उहाँको शक्तिशाली अन्तर्बिन्तीको प्रार्थनाद्वारा बाढीको कारण हुन सक्ने थप विपत्ति रोकियो"



डब्लूसिडिएन (विश्व इसाई चिकित्सकीय सञ्जाल) सम्मेलन अष्ट्रेलियाको आयोजक समितिका अध्यक्ष डा. मिक क्विपरले, जनवरी १२, २०११ मा दक्षिण कोरियामा डा. लीलाई प्रार्थनाको अनुरोध पठाउनुभयो । २०१० को डिसेम्बरको शुरुवातमा, बाढीहरूको श्रृंखलाले क्वीन्सल्याण्डलाई चपेटामा पारेको थियो, र ब्रिस्बेन नदीको सतह ८ मिटर माथि बढेको हुनाले भवनहरूका तल्लो भागहरू र नगर आसपासका क्षेत्रहरू जलमग्न भएका थिए । तर डा. लीको प्रार्थनापछि, वर्षा रोकियो ।

मौसम सम्बन्धी समाचारमा पूर्वानुमान गरिएझैं, यदि नदी अझ बढेको भए, हजारौं घरहरू जलमग्न हुनेथिए । डा. लीको प्रार्थनाको शक्ति देखेर उहाँ रोमाञ्चित हुनुभयो र उहाँप्रति आफ्नो कृतज्ञता व्यक्त गर्नुभयो ।




जनवरी २०११ मा अष्ट्रेलियाको क्वीन्सल्याण्डमा बाढीको प्रहारले ठूलो क्षति ल्यायो ।

| Date | Day | Temps Min | Temps Max | Rain | Evap | Sun |
|---|---|---|---|---|---|---|
| | | °C | °C | mm | mm | hours |
| 1 | Sa | 21.7 | 28.4 | 0.4 | 6.6 | 0.0 |
| 2 | Su | 22.7 | 29.6 | 3.0 | 2.2 | 11.2 |
| 3 | Mo | 22.9 | 32.1 | 0 | 6.2 | 6.9 |
| 4 | Tu | 22.2 | 30.7 | 0 | 5.4 | 7.8 |
| 5 | We | 21.7 | 29.3 | 0 | 5.2 | 0.0 |
| 6 | Th | 20.5 | 24.8 | 41.8 | 4.6 | 0.0 |
| 7 | Fr | 19.3 | 26.8 | 35.6 | | 0.8 |
| 8 | Sa | 21.1 | 27.3 | 11.6 | 2.0 | 2.1 |
| 9 | Su | 22.0 | 27.8 | 12.2 | 2.4 | |
| 10 | Mo | 22.5 | 27.1 | 110.8 | 1.4 | |
| 11 | Tu | 23.8 | 28.6 | 15.4 | 2.0 | 0.0 |
| 12 | We | 21.9 | 29.6 | 40.0 | 2.4 | |
| 13 | Th | 22.1 | 28.4 | 0.4 | 7.8 | 6.9 |
| 14 | Fr | 19.4 | 28.9 | 0 | 8.2 | 11.8 |
| 15 | Sa | 20.2 | 28.8 | 0.4 | 7.2 | 9.2 |
| 16 | Su | 19.5 | 29.7 | 0 | 6.2 | |
| 17 | Mo | 19.5 | 33.5 | 0 | 7.0 | |
| 18 | Tu | 23.2 | 34.9 | 0 | 7.2 | 10.1 |
| 19 | We | 23.4 | 31.2 | 3.4 | 4.6 | 10.3 |

प्रार्थना गरेको भोलिपल्ट, जनवरी १३ मा वर्षा रोकियो र पानी चाँडै घटेर गयो ।

# के तपाईंले जीवित परमेश्वरलाई भेट्नुभएको छ ?

प्रेरित २ अध्यायमा उल्लेखित प्रारम्भिक चर्चमा, प्रेरितहरूले धेरै चिन्हहरू र आश्चर्यकर्महरू प्रकट गर्नुभयो र त्यहाँ ठूलो जागृति आयो। आज पनि मानमिन केन्द्रीय चर्चमा, सिनिएर पास्टर डा. जेरक लीले थुप्रै चिन्हहरू, आश्चर्यकर्महरू, र शक्तिशाली कार्यहरू प्रकट गरिरहनु भएको छ जसले उहाँद्वारा प्रचार गरिएका सन्देशहरूलाई प्रमाणित गर्दछन्। ती शक्तिशाली कार्यहरूद्वारा थुप्रै मानिसहरूले जीवित परमेश्वरलाई भेट्नुभएको छ, मुक्तिको निश्चयता प्राप्त गर्नुभएको छ, रोगहरूबाट निको हुनुभएको छ, र आफ्ना समस्याहरूका समाधानहरू प्राप्त गर्नुभएको छ। यहाँ केही गवाहीहरू उल्लेख गरिएका छन्।


## "प्रचण्ड खडेरी हटेर गयो !"



डा. जेरक ली सन् २००९ को सेप्टेम्बर ६ र ७ मा आयोजित इस्राएल आश्चर्यजनक चंगाई महोत्सवको लागि इस्राएल भ्रमणमा जानुहुँदा, पास्टर दानिएल रोजेनले राष्ट्रिय समस्याको रूपमा रहेको - घोर, प्रचण्ड खडेरीको लागि प्रार्थना गरिदिन उहाँलाई अनुरोध गर्नुभयो। डा. लीले महोत्सवको समयमा इस्राएलको लागि हार्दिकतापूर्वक प्रार्थना गरिदिनु हुँदा, इस्राएलमा पर्याप्त वर्षा पठाइदनका लागि उहाँले परमेश्वरसित अनुरोध गर्नुभयो। त्यसको भोलिपल्ट, सेप्टेम्बर ८ मा त्यहाँ भारी वर्षा हुनथाल्यो। इस्राएली सार्वजनिक टिभीबाट यस बारे समाचार प्रसारण गरिएको थियो र यसले संसारभरिका मानिसहरूलाई अचम्भित तुल्यायो।



## "म एड्सबाट निको भएँ !"



ललिता चेलीबेटी बेचबिखन गर्ने गिरोहद्वारा मुम्बईमा बेचिनु भएको थियो। प्रहरीहरूले उहाँको बारेमा पत्ता लगाएर उहाँ बल्लतल्ल ती गिरोहको हातबाट उम्कनुभयो, तर उहाँ एड्सबाट संक्रमित भई सक्नुभएको थियो। उहाँ यति निराश हुनुभयो कि उहाँले आत्महत्या गर्ने बारे समेत सोच्नु भएको थियो।

यसैबीच, उहाँले भारत चंगाई प्रार्थना महोत्सव २००२ को बारेमा सुन्नुभयो र त्यहाँ उपस्थित हुनुभयो। सन्देश पछि डा. लीको प्रार्थना ग्रहण गर्दा, उहाँले चम्किलो ज्योति देख्नुभयो र आफ्नो शरीरभरि एक रोमाञ्चपूर्ण स्पन्दन महसूस गर्नुभयो। क्रूसेड पछि गरिएको स्वास्थ्य परीक्षणको नतिजामा एचआईभी संक्रमण नभएको देखियो, र उहाँको चिकित्सकले यो निश्चय नै परमेश्वरको कार्य हो भनी भन्नुभयो।




कल्याणी अस्पतालको क्लिनिकल प्याथलजी विभागका निर्देशक, सिमोन



"बायाँतिर रातो धर्सा हुनुले एचआईभी संक्रमण भएको जनाउँदछ तर अहिले उहाँको परीक्षणमा त्यो धर्सा दाँयातिर छ। उहाँ अहिले सामान्य अवस्थामा हुनुहुन्छ। यो निश्चय नै परमेश्वरको कार्य हो भन्ने कुरामा म विश्वस्त छु !"


## "मेरो नसुन्ने कानले अब मैले सुन्न थाले"

डेभिड गोन्जालिजलाई आफ्नो बायाँ कानद्वारा सुन्न कठिनाइ भइरहेको थियो। उहाँलाई आफ्नो रेडियो कार्यक्रम सञ्चालन गर्न र अरूसित कुरा गर्न साह्रै कठिन थियो। उहाँ सन् २००६ मा न्यूयोर्क संयुक्त क्रूसेडमा उपस्थित हुनुभयो र डा. लीको प्रार्थना ग्रहण गर्नुभयो। त्यसैबेला उहाँले शिरदेखि पैतलासम्म शीतल महसूस गर्नुभयो, र आफ्नो बायाँ कानद्वारा राम्ररी सुन्न सक्नुभयो।



## "यो आश्चर्यकर्म हो ! गम्भीर रूपले पोलेको ठाउँमा नयाँ मासु पलायो"

एउटा ठूलो भाँडोमा उम्लिरहेको तातो पानी सिनिएर डिकनिस यूनदियूक किमको शरीरमा पोखिएको थियो। त्यो तेस्रो-डिग्रीको जलन थियो र चिकित्सकीय उपचारद्वारा निको हुन असम्भव थियो। तर उहाँले डा. लीको प्रार्थना ग्रहण गर्नु भएपछि, त्यो प्रसुप्त ताप हरायो र शरीरमा नयाँ मासु पलायो। उहाँ पूरै निको हुनु भयो।








## "ट्यूमरका कोशहरू पूरै हराएर गए"



छोन्नाम राष्ट्रिय विश्वविद्यालय ह्वासुन अस्पतालमा डिकन ग्यूमह्यून किमलाई तेस्रो चरणको नन-हड्किन्स् लिम्फोमा (श्वेत रक्त कोशिकामा देखापर्ने रक्त क्यान्सर) भएको पत्ता लाग्यो। उहाँले कम्तिमा पनि आठ पटकसम्म क्यान्सर निरोधक उपचार गराउनुपर्छ भनी चिकित्सकले भन्नुभएको थियो। दोस्रो पटकको उपचारको क्रममा, चर्चमा भएका शक्तिशाली कार्यहरू आफूले देखेको र सुनेको भएतापनि विश्वास देखाउन नसकेकोमा जीवित परमेश्वर सामु उहाँले पश्चात्ताप गर्नुभयो। उहाँले आफूलाई परमेश्वरकहाँ सुम्पने निर्णय गर्नुभयो र डा. लीको प्रार्थना ग्रहण गर्नुभयो। दुई दिनपछि उहाँले स्वास्थ्य परीक्षण गराउनुहुँदा, उहाँमा अब कुनै पनि ट्यूमरका कोशहरू नरहेको देखियो !



▲प्रार्थना पछि सुन्ने क्षमतामा आएको सुधार कान बज्न छोडेको अवस्था



▲प्रार्थना अघि थुप्रै भागहरूमा देखा परेको लिम्फोमा

▲प्रार्थना पछि लिम्फोमा नरहेको अवस्था

## "मेरो भ्रूणका खरबौं असामान्य क्रोमोजोमहरू (गुणसूत्रहरू) सामान्य बने !"



गर्भधारणको चौथो महिनामा सिनियर डिकनिस जंगेइ यिमले क्वाड् स्क्रिनिङ टेस्ट (गर्भवती महिलाको रगत परीक्षण जसमा गर्भमा रहेको भ्रूणमा कुनै आनुवंशिक विकार वा जन्म दोष छ कि भनी जाँच गरिन्छ) गराउनु भएको थियो। जाँचको नतिजामा भ्रूणमा एड्वर्ड सिन्ड्रोम (क्रोमोजोमको विकार जसमा १८ औं सेटको क्रोमोजोम असामान्य भएकोले बच्चाको मृगौला, मुटु, आन्द्रा, मांशपेसी आदिमा नराम्ररी असर पुग्दछ) र डाउन सिन्ड्रोम (आनुवंशिक विकार जसमा २१ औं सेटको क्रोमोजोम असामान्य भएकाले बच्चाको शारीरिक वृद्धि र बौद्धिक क्षमता प्रभावित हुँदछ) जस्ता क्रोमोजोमका विकारहरू देखा पर्ने अत्याधिक सम्भावना रहेको पत्ता लाग्यो। तैपनि, उहाँले डा. लीको प्रार्थना ग्रहण गर्नुभएपछि एक स्वस्थ बालक, जिहोलाई जन्म दिनुभयो। सर्वशक्तिमान् परमेश्वरले एकै क्षणमा उहाँको खरबौं असामान्य क्रोमोजोमहरूलाई सामान्य बनाई दिनुभयो।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन